सम्पादकीय

सिन्डीकेटको अन्त्य स्वागतयोग्य

अहिले नेपालमा राजनैतिक परिवर्तन भएको छ। राजनैतिक परिवर्तन अनुसारको न्यायपूर्ण समाज बनाउन नयाँ सरकारले केही न केही गर्नुपर्छ। भरखर बजारमा ऐजरुको रूपमा रहेको सिन्डीकेट र कार्टेल हटाई बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन भनेर नेपाल सरकारका अधिकारीहरू, राजनैतिक दलहरू र व्यवसायीहरूबीच आपसी समझदारी भएको सुनिएको छ। यो स्वागतयोग्य विषय हो। यसबाट उपभोक्ताहरू खुसी हुनेछन्। यो कदमलाई सबै नागरिकहरूले स्वागत गरेका छन्।

नेपालमा पनि अरू मुलुकको जस्तो तीव्र आर्थिक बृद्धि नभए पनि जे जति प्रगति भएको छ,त्यो प्रगतिको लागि निजीकरणले ठूलो भूमिका खेलेको छ। अहिले निजी क्षेत्रले आर्थिक क्षेत्रमा निकै ठूलो योगदान दिएको छ। पर्यटन, उद्योग, व्यापार, यातायात, शिक्षा, सञ्चार र स्वस्थ्य क्षेत्रमा निजी क्षेत्रको ठूलो भूमिका छ। त्यो क्षेत्रमा निजी क्षेत्रले खर्बौं लगानी गरेको छ। त्यो विषयमा राज्य कमजोर छ। तर पनि राज्यले व्यापार गर्ने हैन भन्ने मत पनि बलियो छ। यो सही पनि हो।

राज्य व्यापार गर्ने संस्था हैन। राज्य त केवल कानुन निर्माण गर्ने र कानुनका आधारमा अनुगमन र नियमन गर्ने निकाय मात्र हो। राज्यले बजारमा सघन अनुगमन गरी व्यापक रूपमा नियन्त्रण, निगरानी र निर्देशन गर्नुपर्छ। राज्यको काम उद्योग बजारमा रहेको मनोपोली (एकाधिकार) सिन्डिकेट (आलोपालो)र कार्टेलिङ्ग(मिलीमतो) हुन नदिने र प्रतिस्पर्धात्मक बजार निर्माण गरी उपभोक्तालाई सहयोग गर्नु हो। उत्पादन तथा व्यापारमा एउटाको मात्र अधिकार स्थापित हुनु एकाधिकार हो। आपसमा आलोपालो गरी कमाउनु सिन्डीकेट हो। आपसमा मिलेर मूल्य निर्धारण गरी उपभोक्तालाई ठग्नु कार्टेलिङ्ग हो। नेपालको बजारमा यो समस्या छ। सरकारले सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान कम्पनी बीच पनि प्रतिस्पर्धाको वातावरण बनाउनु पर्छ। कुनै उद्योग, निगम वा कम्पनीको एकाधिकार भयो भने बजारमा मनोमानी हुने हुँदा सरकारले एकाधिकारलाई अन्त्य गर्ने कानुनी प्रावधान ल्याई त्यो एकाधिकारलाई तोड्नु पर्छ। नेपालमा निजी क्षेत्रको प्रभावकारी उपस्थिति नभएका विद्युत प्राधिकरण, आयल निगम लगायत कतिपय संस्थानहरूको एकाधिकापूर्ण मनोमानी छ। त्यो क्षेत्रमा पनि निजी क्षेत्रलाई प्रतिस्पर्धाको लागि लगानीमा प्रोत्साहन गर्ने हो भने उसको एकाधिकार र मनोमानी स्वतः हट्छ। यसले उपभोक्तालाई सेवा र मूल्यमा अनुकूलता ल्याउँछ। उपभोक्ताहरू माथि आउँछन्। उनीहरूमा बार्गेनिङ्ग पावर बढ्छ। नागरिक उड्डयनमा निजी र निगम बीचको प्रतिस्पर्धा छ। त्यसले उपभोक्तालाई फाइदा बनाएको छ। सञ्चार क्षेत्रमा निजी क्षेत्र पसेपछि अहिले प्रतिस्पर्धाको कारण आज लाखौं नेपालीका हातहातमा स्मार्ट फोनहरू छन्। यस क्षेत्रमा गुणस्तरीय सामानहरू सस्तोमा सेवा दिइरहेका छन्।

विगतमा राज्यको लगानी र व्यवस्थापनमा चलेका उद्योगहरूबाट व्यापक भ्रष्टाचार भयो। ती सरकारी व्यवस्थापनमा चलेका उद्योगहरू जुन पार्टीको सरकार आउँछ त्यही पार्टीका संस्थान प्रमुख बनाउने र आफ्ना कार्यकर्ताहरू भर्ती गरी ओभर स्टाफिङ्ग भएर धान्न नसकी अन्ततः बन्द गर्नुपर्ने अवस्थामा पुगेका हुन्। वर्षेनि सरकारले घाटा ब्यहोर्नु पर्दा र ती रुग्ण र जर्जर उद्योगहरू पाल्नु भन्दा हटाउनु बेस भनी निजी क्षेत्रमा लगिएको हो। व्यवस्थापकीय सीप नभएको कारण कतिपय वित्तीय संस्थानहरू पनि सुधारको लागि वैदेशिक सहयोग लिनु परेको थियो। वित्तीय क्षेत्रमा निजी क्षेत्रको प्रवेशपछि उपभोक्ताहरूलाई सम्मान गर्ने र प्रतिस्पर्धात्मक रूपमा सेवा दिन थालेका छन्। यस क्षेत्रमा आंशिक रूपमा रहेको मिलीमतोलाई हटाएर प्रतिस्पर्धी बनाउनु राज्यको काम हो।

अहिले सिन्डिकेटको कारण यो क्षेत्रमा विशेषतः यातायात क्षेत्र आक्रान्त छ। बस व्यवसायीहरूले प्रतिस्पर्धा नगरी आपसी आलोपालोका आधारमा कमाउने गरेका छन्। आलोपालोको आधारमा व्यवसाय चलाउँदा मूल्यमा मिलिमतो हुने र नयाँ पुराना बस, ट्रक लगायतका सवारी साधनहरूले एकै खालको आम्दानी गर्ने हुँदा उपभोक्ताहरूलाई छनोट गर्न नपाउने बाध्यता छ। यसबाट उपभोक्ताहरू मर्कामा परेका छन्। उनीहरूको बार्गेनिङ्ग गर्ने र सवारी साधन छनोट गर्न पाउने अधिकार खोसिएको छ। यसले गर्दा यात्रुलाई बस व्यवसायीहरूले सम्मान पनि गर्दैनन्। अहिले पनि यातायात व्यवसायीहरूले उपभोक्ता यात्रुहरूलाई तिमी भन्दै धम्क्याउँछन्। बसमा कोचर हिंडाउँछन्। सिन्डीकेटका कारणले गर्दा यात्रुहरूलाई प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु तथा सेवाको छनोट गर्ने अधिकार छैन। नयाँ आरामदायी र भरपर्दो सवारी साधन रोजेर बार्गेनिङ्ग गरेर आवत जावत गर्न पाउने अधिकार पाउन यातायात क्षेत्रमा ऐजरु बनेर रहेको सिन्डीकेट र कार्टेल हटाउनु पर्छ।

अन्त्यमा सिन्डीकेट हटाउन गरिएका प्रयाशहरू सार्थक बनाउन आम उपभोक्ताहरूबाट दबाब आउनु पर्छ। राजनैतिक दलहरू र प्रशासन, प्रहरीले पनि बजारमा रहेको सिन्डीकेट र कार्टेलिङ्ग हटाउन भरमग्दूर प्रयाश गर्नुपर्छ।त्यको लागि हामी सबैको सहयोग रहनेछ।

शाश्वत धाम पर्यटनको गन्तव्य

■ **केबी मसाल**

अहिले फुर्सदको समयमा घुमफिरको लागि धेरै मानिसहरू यात्रामा निस्कने गर्दछन। फुर्सदको समय र रुचि अनुसार आफ्नो भ्रमण स्थलको तय गर्दछन। त्यसैले पर्यटकहरू भ्रमणमा जादा तिर्थाटन, प्राकृतिक, सांस्कृतिक ऐतिहासिक र पुरातत्विक स्थलको खोजिमा हुन्छन। यस किसिमका सम्पदा पर्यटकीय क्षेत्रमा कहिले पुराना हुँदैनन्। तर ती सम्पदाहरूको संरक्षण हुनु पर्दछ।

प्रदेश नम्बर ४ देवचुली नगरपालिका दुम्कौलीमा रहेको शाश्वत धाम मा आजभोली पर्यटकहरूको घुइचो हुन्छ। शाश्वत धामको परिसर प्रवेश गर्न नपाउदै पर्यटकहरूले हातहातै भएको क्यामेरासहितको मोवाइल फोन खिचिक्क, खिचिक्क, खिचिक्क! हुन थाल्छ। मोवाइल मात्र हैन, ठूला क्यामेराको 'सटरस्पिड' दवाउने पर्यटकहरूको सख्या पनि कमी हुदैन। शाश्वत धाम तिर्थाटन पर्यटकहरूको लागि गन्तव्य बनेको छ। शाश्वत धाम पुगेपछि शान्त वातावरणले मन आनन्दित तुल्याउँछ। निजी सवारी साधन प्रयोगकर्ता मात्र होइन बसबाट यात्रा गर्ने अधिकांश मानिसहरू शाश्वत धाम प्रवेश गर्दछन्।

शाश्वतको अर्थ हो कहिले पनि नाश नहुने, सधैभरि रहिरहने, चिरस्थायी, नित्य, सनातन र चिरन्तर हुन्छ। नारायणघाट भन्दा पश्चिम २३ किलोमिटरको दुरीमा पूर्वपश्चिम राजमार्गस्थित चौधरी उद्योग ग्रामसँगै रहेको शाश्वत धाम पर्यटनको गन्तव्य बनेको छ।

शाश्वत धामको निर्माण उद्योगपति विनोद चौधरीले गरेका हुन्। सनातन धर्मको प्रवर्द्धन गर्ने उद्देश्यले निमार्ण भएको शाश्वत धाममा आजभोली दैनिक ५ हजार भन्दा धेरै पर्यटकहरूले भ्रमण अवलोकन गर्ने गरेका छन्। शाश्वत धामको महत्व बुझ्न र भ्रमण अवलोकन गर्न नेपालका मात्र होइन भारत लगायत विभिन्न देशका पर्यटकहरू पुग्ने गरेका छन।

भारतको काञ्ची मठका पिठाधिश शंकराचार्य जयन्द्र सरस्वतीले उद्योगपति विनोद चौधरीका पिता स्व.लुनकरण चौधरीलाई मानिसहरूमा सकारात्मक धाराणाको विकास गराउन उद्योग परिसरमा शाश्वत धाम निर्माण गर्न आशिर्वाद दिएका थिए। पिताले प्राप्त गर्नु भएको आशिर्वादलाई मुर्तरूप दिनको लागि छोरा विनोद चौधरीले शाश्वत धाम निर्माण गरेका हुन। शाश्वत धाम चौधरी उद्योग ग्रामसँगको ८० विघा जमिन भित्रको परिसरमा करिव सात विगाह क्षेत्रफलमा फैलिएको छ। शाश्वत धामको मध्य भागमा दक्षिण भारतमा प्रसिद्धि कमाएको खजुरावान शैलीमा बनेको बुझ्नदार तथा अत्यन्तै मनमोहक श्री काञ्ची शंकरा सदाशिवलिंगको मन्दिर रहेको छ। पाटनको कृष्ण मन्दिर जस्तै देखिने सदाशिवलिंगका मन्दिरलाई चारैतिरबाट तालले घेरेको छ।

यसरी निर्माण भएको तालमा बद्री, केदार, हरिद्वार, मुक्तिनाथ, पशुपतिनाथ जस्ता प्रसिद्ध धार्मिक तिर्थस्थलबाट ल्याइएको जल मिसाइएकोले ताललाई सर्वातिर्थ सरोवर नामाकरण गरिएको छ। शाश्वत धाममा गुरुकुल विद्याश्रम, अखण्ड अग्नि कुण्ड, शक्ति घाट, धर्मशाला, यज्ञ कुण्ड, हनुमान मन्दिर, धार्मिक प्रदर्शनी स्थल, धार्मिक संग्राहलय, डिजिटल धार्मिक पुस्तकालय, हेरिटेज बिल्डिंग हल, गौशाला, अर्गानिक फार्म, ४५ जनाको लागि आवासीय सुविधा भएको योगा तथा ध्यान केन्द्र, चमेना तथा भोजनालय, धार्मिक तथा प्राचिन दुर्लव वस्तु पाइने उपहार घर स्थल, विश्राम स्थल लगाएत वैदिक सनातन धर्मसंग जोडिएका अन्य महत्वपूर्ण स्थलहरू रहेका छन्।

शाश्वत धाम खजुरवानको शैलीमा निर्माण भएको छ। खजुरवान शैली दक्षिण भारतमा प्रचलित शैली हो। धाम मध्य भारतिय प्राचिन सम्भयतामा आधारित खजुरावान शैलीमा बनेको एकम्बरेश्वर मन्दिर हो। शाश्वत धामको निर्माण गर्दा दक्षिण भारतिय शैलीमा पश्चिमेली शैली र नेपाली शैली पनि मिसाउने प्रयास भएको छ। शाश्वत धाम निर्माण गर्न मुस्लिम कालिगढहरूले पनि काम गरेका थिए। शाश्वत धाम मन्दिरमा शंकराचार्य मठका कालिगढले बनाएको शिवलिंग पनि छ। मन्दिरभित्र विभिन्न १६ देवी देवताका मूर्तीहरू छन्। चारैतिर ढुंगाले खोपेर बनाइएका साना स्पिकरबाट त्यहाँ पुग्ने पर्यटकहरूले मधुर आवाजमा भजन सुन्न पाउँछन्। अहिले धेरै मानिसमा निरासा हुने गरेको छ। सबै मानिसले आत्मशान्ति खोजिरहेका छन। शान्तिपूर्ण र उर्जायुक्त वातावरणमा मानसिक र आत्मीय शान्तिको अनुभवका लागि तिर्थाटनका पर्यटकहरू शाश्वत धाम पुग्ने गरेका छन।

शाश्वत धाम परिसरमा निर्माण गरिएका संरचना काठमो बुट्टा जस्तो देखिएपनि सिमेण्टबाट बनाइएको हो। धामभित्र १२ राशी र २७ नक्षत्रअनुसारका रुखहरू समेत रोपिएका छन्। तिर्थाटन पर्यटकीय स्थलको रूपमा विकास भएको शाश्वत धाम परिसरमा पशुपतिनाथ मुक्तिनाथ, स्वर्गद्वारी, गोसाईकुण्ड, बद्रीनाथ, केदारनाथ, हरिद्वारालगायतका धार्मिक स्थलहरूको डिजिटल प्रविधिद्वारा दृष्यवलोकन गर्न समेत पर्यटकहरूले पाउछन। मन्दिर भित्र विभिन्न १६ देवी देउताको आकर्षक मुर्तिहरू राखिएको छ। मन्दिरको तल धार्मिक संग्राहालय बनाइएको छ। जसले गर्दा तिर्थाटनका पर्यटकहरूलाई थप अध्ययनको सुविधा समेत भएको छ। संस्कार विश्वविद्यालयको रूपमा लैजाने उद्देश्यले धाम भित्र निर्माण गरिएको गुरुकुल विद्याश्रममा यतिबेला ४० भन्दाबढि विद्यार्थीहरू अध्ययनरत छन्। यि विद्यार्थीहरूलाई कक्षा आठसम्मको धार्मिक शिक्षा प्रदान गरिदै आइएको छ। शाश्वत धाममा विशेष पुजा, ब्रतबन्ध, लगायत कर्मकाण्ड गर्न समेत मानिसहरू जाने गर्दछन।

शास्वत धाममा श्रीलंकाबाट भगवान गौतम बुद्धको अस्तु ल्याइएको छ। अस्तु शाश्वत धाममा निर्माण गर्न लागिएको बुद्धिष्ट सेन्टरमा राखिएको छ। अस्तु दर्शनका लागि अहिले बौद्ध र हिन्दु धर्माबलम्बी पर्यटकहरूको भीड लागेको छ। शास्वत धाममा राखिएको अस्तुलाई श्रीलंकाबाट आएका भिक्षुहरूको टोलीले विधिपूर्वक दैनिक पुजा अर्चना गरिरहेका छन्। श्रीलंकाको राजधानी कोलम्बो नजिकैको २६ सय वर्ष पूरानो राजमाया बिहारबाट भगवान गौतम बुद्धका अस्तु शाश्वत धाममा ल्याइएको हो। बौद्ध भिक्षु खेम्पो पेमा सम्वा लामाले भगवान बुद्धको अस्तुलाई प्राणीको उद्धार गर्नका लागि साक्षात भगवान मानिने भएकाले बुद्ध धर्ममा यसको सवैभन्दा उच्च महत्व रहेको छ। तत्कालिन सम्राट अशोकले ति आठ पवित्र स्थल चैत्य मन्दिरमा रहेको अस्तुलाई उत्खनन् गरि आफ्ना ८४ हजार भिक्षुहरूलाई बितरण गरेको भनाई छ। त्यतिबेला बितरित अस्तुलाई संसारका ८४ हजारभन्दा बढि स्थलका चैत्यहरूमा राखिएको विज्ञहरू बताउछन्। सनातम धर्मको प्रवर्धनका लागि गत बर्ष उद्घाटन गरिएको शाश्वत धाम एक बर्षको अवधीमै नेपाल र नेपाल बाहिरका तिर्थाटन पर्यटकहरूका लागि प्रख्यात धार्मिकस्थलका रूपमा स्थापित भएको छ।

शाश्वात धाम भन्दा केहि पूर्व रजहरमा स्थानियले धान्याचंल महायज्ञ गरेर थालिएको प्राकृतिक चिकित्सालयमा पनि आजभाली पर्यटकहरू पुग्ने गरेका छन। प्राकृतिक चिकित्सालय परिसरमा २२ बिगाह जग्गा क्षेत्रफल रहेको छ। त्यसमध्ये सरकारले अस्पताललाई १० बिगाहको भोगाधिकार दिइसकेको छ। चिकित्सायलमा नेचुरोपेथि र योगा बिधिबाट बिना औषधी उपचार गरिन्छ। रजहरको यो यस्तो चिकित्सालय नेपालकै पहिलो हो। चिकित्सालय ४ जना बिषेशज्ञ चिकित्सक रहेका छन्। चिकित्सालय नारायणगढबाट १८ किलोमिटर पश्चिमको रजहरमा रहेको छ। शान्त र रमणीय जंगलको बिचमा रहेको चिकित्सालयले ६ बिगाहमा आफैले आर्गेनिक तरकारी खेती र गाईपालन गरेको छ। चिकित्सालय परिसरमा करिब एक किलो मिटर दुरीको पैदल मार्ग पनि रहेको छ।

शाश्वात धाम र प्राकृतिक चिकित्सालय मात्र होइन आफ्नो भ्रमणको समय लम्बाउन चाहने पर्यटकहरूको लागि हाइकिङ अर्थात पैदल भ्रमण पनि गर्न सकिन्छ। आजभोली शहरी क्षेत्रमा बसोवास गर्ने मानिसहरूले पर्यटन भन्ने बित्तिकै एडभेञ्चर, फन, हेल्थ, होलिडे, गेटटुगेदर अनि फेलोसिपका शब्दहरू निकाल्छन। शहरी युवा पुस्ताको चासो समेटने यी अंग्रेजी शब्दहरूलाई एउटै शब्दमा हाइकिङ भनिन्छ। पर्यटनको भाषामा बुझ्दा डाँडाकाँडामा हाइकिङ अर्थात पैदल भ्रमण गर्ने भन्ने अर्थ लाग्दछ। देवचुलीको महाभारत पर्वत वरपर पुगेपछि पर्यटकहरूलाई हाइकिङ गर्ने स्थलहरू धेरै छन। पर्यटकहरू स्वभावैले नयाँ ठाउँ र नयाँ वस्तु हेर्न लालायित हुन्छन। नयाँ ठाउँको प्राकृतिक सौन्दर्य, जैविक विविधता, ऐतिहासिक तथा साँस्कृतिक सम्पदा पर्यटकहरूका लागि आकर्षणको गन्तव्य हुन्छ। नवलपुर क्षेत्रमा पर्ने महाभारत पर्वत श्रृखलाको सबैभन्दा अग्लो चुचुरो देवचुली हो। देवचुली थारु र मगर समुदायको आस्थाको धरोहर हो। थारुहरूले यसलाई कुमारवर्ती माईको रूपमा पुज्ने गर्दछन् भने। मगरहरूले तीन कन्या माईको रूपमा। पहाड र समथर ठाउँका यी दुई जातिको धार्मिक आस्था समेत यहाँ जोडिएको छ। पर्यटकहरूको लागि देवचुलीको चचुरोमा भ्यूटावर, ठाउँ ठाउँमा बिसौनी, पश्चिम तर्फ रुद्रपुर गढी नजिकै गोलपोखरी र शान्ति पार्क निर्माण भएका छन्। देवचुली र बरचुली चुचुरालाई पदयात्रा गर्दा मौलाकालिका मन्दिर देखि हात्तिगौडा हुदै बरचुली देवचुली, रुद्रपुरगढी भएर घोरल पाइने क्षेत्र हुदै पूर्वा पाल्पा जिल्लाको झिरुवास सम्म पुग्न सकिन्छ। मगरजातीको मौलिक संस्कृतिमा रमाउदै पदयात्रा गर्दा पर्यटकले छुट्टै आनन्दको महसुस गर्दछन। देवचुलीमा तीनकन्या माईको मन्दिर, बाइसे-चौबिसे राजा रुद्र सेनको दरबार रहेको ऐतिहासिक संम्पदा रहेको छ। १६ औं शताब्दीमा यो क्षेत्रको महाभारत पर्वत पाल्पा राज्यमा थियो। मकवानपुरका राजा मुकुन्दसेन राज्य विस्तार गर्ने क्रममा महाभारत पर्वतको बाटो हुदै देवघाट, मौलाकाली हुदै पाल्पा सम्म पुगेका थिए। राजा मणिमुकुन्द सेनले आफ्नो सुरक्षाका निम्ती सेनाको ब्यारेक, दरबार मन्दिरहरू निर्माण गरेका थिए। गैडाकोटको मौलाकालीको मन्दिर र दाउन्नेको देवीको मन्दिर पनि मुकुन्द सेनसंग जोडिएको छ। देवचुली थारु र मगर समुदायको घनिष्ट सांस्कृतिक सम्बन्ध रहेको क्षेत्र हो। महाभारत पर्वत श्रृखलाको १९३६ मिटर उचाइमा रहेको देवचुली प्राकृतिक मनोरम दृश्य बोकेको स्थल हो। देवचुलीबाट धेरै हिम श्रृखलासमेत देख्न पाइन्छ। पर्यटकहरूलाई स्थानीयहरुले मगरको कौरा, झ्याउरेलगायत सांस्कृतिक कार्यक्रमबाट स्वागत गर्ने गर्दछन। देवचुलीमा पर्यटकहरूका लागि स्थानीय खाना ढिँडो, लोकल कुखुराको मासुसहित स्थानीय खाना खुवाउने गर्दछन। देवचुलीमा ऐतिहासिक गुफा पनि छ। राजमार्गको दलदले बजारबाट गाडीमा २० किलोमिटर यात्रा र तीन घन्टाको उकालो पैदल यात्रामा देवचुली पुग्न सकिन्छ।

शाश्वत धाम घुमफिर गर्ने पर्यटकहरूलाई खान बस्न कुनै असुबिधा हुँदैन। थारु, बोटे र मुसहर समुदायले सञ्चालन गरेको होमस्टेमा रमाउन चाहने पर्यटकहरूलाई कावासोतीको बाघखोरमा रहेको अमलटारीमा होमस्टे संचालनमा छन्। समुदायले सञ्चालन गरेको होमस्टेमा पर्यटकका लागि थारु, बोटे, मुसहर संस्कृती प्रदर्शनी, जंगल सफारी, जिप सफारी, हात्ती शयर, नारायणी नदीमा डुंगा शयर, गोरुगाडामा शयर, पन्छी अवलोकन, हात्ती स्नान थारु गाउँ भ्रमण, टावर नाईट स्टे र प्राकृतिक मनोरम दृष्यहरूको अवलोकन पनि गराइन्छ। होमस्टेमा स्थानीय परिकार नै पाक्ने गर्छन, थारु समुदायले खाने चिचर र घोंगी अमलटारीमा मुख्य खाजाको रूपमा पर्यटकहरूलाई दिने गरिन्छ। तर गाउँमा आउने पर्यटकको चाहनाअनुसार अन्य खाना पनि खान पाइन्छ। थारु र बोटे समुदायको संस्कृतिबारे पर्यटकलाई जानकारी र मनोरञ्जन दिन बेलुका ८ बजेबाट १० बजेसम्म साँस्कृतिक भवनमा झुमरा नाच, लाठी नाच, बोटे नाच लगाएत स्थानीय संस्कृती देखाइन्छ।

फुर्सदको समयमा घुमफिरले बिभिन्न गाउँ ठाउको संस्कृति, रीतिरिवाज, परम्परा, रहनसहन को अध्ययन हुन्छ। नेपालमा पर्यटकहरूको लागी भ्रमण गर्ने धेरै स्थलहरू छन। तर अधिकांश स्थलहरूमा पुग्न सडक यातायातको सुविधा छैन। कतिपय स्थानका भएका सडक पनि बर्षायाममा बन्द हुन्छन। प्राकृतिक रूपमा प्राप्त नेपालका पर्यटकीय क्षेत्रको निर्माण गर्न ठूलो मानवीय परिश्रम खर्च भएको छैन। नेपालमा प्राकृतिक रूपले सजिएका पर्यटकियस्थल धेरै स्थानमा छन। जुन स्थलका बारेमा धेरैलाई जानकारी छैन। भएका पर्यटकीय गन्तव्यहरूलाई पनि योजनाबद्ध विकास भएको छैन। विकसित देशहरूले प्रकृतिप्रदत पर्यटकीय स्थलहरू नभएका स्थानहरूमा समेत मानव निर्मित पर्यटनस्थलको विकास गरेका छन। ती देशमा आधुनिक सेवा र सुविधा पर्यटकहरूले पाउछन्। सेवा उपभोग गरेबापत पर्यटकसँग विभिन्न शुल्क लिने गर्दछन। जुन कारण त्यस्ता पर्यटकियस्थलहरूमा धेरै पर्यटकहरू पुग्ने गर्दछन।

पछिल्लो समय बिकासका लागि बनेका पुर्वाधार, आस्थाको लागि निर्माण भएका मठ मन्दिरहरू पनि पर्यटनको लागि गन्तब्य बन्दै गएका छन। पर्यटन विकासको लागि यो राम्रो पक्ष हो। पर्यटकीयस्थलका रूपमा हामीले केवल काठमाडौं उपत्यका, पोखरा, चितवन र लुम्बिनी जस्ता सीमित स्थानलाई मात्र लिने गरेका छौं। नेपालमा यी भन्दा धेरै सुन्दर र राम्रा ठाउँ पनि छन्। प्रचार प्रसार र पर्यटनको पूर्वाधार हुन नसक्दा ओझेलमा परेका छन। पर्यटनको विकासको लागि ती स्थानको खोजी हुनु जरुरी छ। ती क्षेत्रमा पर्यटक पुऱ्याउन पूर्वाधार निर्माण हुन पर्दछ। यातायात पर्यटन क्षेत्रको विकासका लागि पहिलो पूर्वाधार हो। (२०७४ फागुन २४ गते, दाङ)